स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरुपमा हटेको छैन । त्यसैले सचेत र सतर्क रहौं । विद्यालय तथा अन्य जमघटमा जाँदा स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



२०६९ र २०७१ सालमा गरी दुईपटक मण्डला थिएटरमा मञ्चन भएको नाटक थियो, 'डिग्री माइला' । सर्वाधिक रुचाइएको यो नाटकलाई अभिनेता दयाहाङ राईले निर्देशन गरेका थिए । अब यही नाटकको नाम र विषयवस्तुमाथि फिल्म बनेको छ, 'डिग्री माइला' । तर, 'डिग्री माइला'को आइडिया नाटक बन्नुभन्दा धेरै अगाडि जन्मिएको दयाहाङको तर्क छ । उनी भन्छन्, 'यो फिल्म नाटकमाथि बनेको होइन । नाटक बन्नुभन्दा अगाडि नै यसको कथामा हामीले काम गरेका थियौं ।

आजको विचार...



सुरज वैद्य

गहुँ..
(दुई पेजमा)



होलीको अवसर पारेर चैत ९ गतेदेखि प्रदर्शनमा आएको फिल्म 'महाजात्रा' यस वर्ष सर्वाधिक कमाई गर्ने दोस्रो फिल्म बनेको छ । 'जारी'१७ करोडमाथिको कमाईसहित पहिलो नम्बरमा छ 'महाजात्रा'ले १० करोडमाथि कमाउँदै दोस्रो स्थान सुरक्षित गरेको छ ।

❒ वर्ष २९ ❒ अंक २४८ ❒ २०८० चैत २५ गते आइतबार 7 April 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### वोरिङको पानी पिउँदा पाँच बालबालिकाको मृत्यु



**(रासस/एएनआई)**

**पाकिस्तान,** चैत २४ /पाकिस्तानको सिन्ध प्रान्तको सैर जिल्लामा बोरिङको दूषित पानी पिउँदा पाँच बालबालिकाको ज्यान गएको एआरवाई न्युजले शुक्रबार जनाएको छ । सैरका उपायुक्तले सैरको नजिकैको हाते पम्पबाट तानिएको दूषित पानीसेवन गर्दा चारदेखि आठ वर्ष उमेर समूहका पाँच जना बालबालिकाको मृत्यु भएको हो ।

एआरवाई न्यूजका अनुसार, विषाक्त पानी सेवनको घटना पछि तुरुन्तै उनीहरूलाई अस्पतालमा लगिएको अधिकारीले जनाएका छन् । पानी सेवन गरेपछि उनीहरूले ज्वरो बान्तालगायतका असहजताको सामना गरेको उपचारको क्रममा बताएका थिए भने उनीहरूको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको हो । घटनापछि स्वास्थ्य अधिकारीसहितको एक टोली पानीको परीक्षण गर्न उक्त गाउँमा पठाइएको थियो । जिल्ला स्वास्थ्य अधिकारीले पानीमा हानिकारक पदार्थ रहेको प्रमाणित गरेपछि कृषिका लागि चलनमा रहेको हातेपम्पसमेत बन्द गरिएको छ ।

# 'स्थायी सरकार निर्माणका लागि शासकीय स्वरूप र निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ'

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत २४/सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले वर्तमान संविधानको शासकीय स्वरुप र निर्वाचन प्रणालीमा परिवर्तन गर्न आवश्यक रहेको बताएकी छन् । शनिबार नेपाल पत्रकार महासंघ पाल्पाले तानसेनमा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री शर्माले स्थायी सरकार निर्माणका लागि शासकीय स्वरुप र निर्वाचन प्रणालीमा परिवर्तन गर्न आवश्यक रहेको बताएकी हुन् ।





सरकारको प्रवक्ता समेत रहेकी शर्माले मुलुकमा राजनीतिक स्थिरता कायम नभएसम्म विकास निर्माण र आर्थिक समृद्धि सम्भव नहुने समेत बताइन् । उनले यस्तो प्रणालीका कारण एउटै सरकार कति दिन चल्छ भन्न सकिने अवस्था नरहेको धारणा व्यक्त गरिन् । मन्त्री शर्माले नेपाली काँग्रेस, नेकपा एमाले जस्ता पार्टीले बहुमत पाउदा त शासकीय स्वरुपकै कारण स्थिर सरकार दिन सकेनन् भन्दै गएको निर्वाचनमा जनमत नै मिश्रित आएकाले सरकार छिन छिनमा परिवर्तन हुनु स्वभाविक रहेको उल्लेख गरिन् । उनले भनिन्,'जब सम्म शासकीय स्वरुप र निर्वाचन प्रणालीमा परिवर्तन हुँदैन तबसम्म कुनै पनि सरकार स्थायी हुने अवस्था छैन् ।' ५ वर्षे स्थिर सरकारको लागि प्रदेश र संघमा प्रत्यक्ष निर्वाचित कार्यकारी शासकीय स्वरुपको विषयमा राजनीतिक दलहरुबिच सहमति कायम गरेर संविधान शंसोधन गर्नु पर्ने आवश्यकता देखिएको मन्त्री शर्माको भनाई छ । उनले भनिनन्,'स्थानीय सरकार प्रमुखलाई ५ वर्षसम्म कसैले पनि हटाउन नमिल्ने व्यवस्था संविधानमा छ । त्यसैले केन्द्र, प्रदेशमा पनि प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था हुनुपर्छ यसो भयो भने मात्र सरकार स्थायी रहन्छ ।' फरक प्रसंगमा सरकारको प्रवक्ता समेत रहेकी शर्माले भष्ट्रचार अन्त्यको लागि सबै नेता र जनप्रतिनिधिहरुको सम्पती छानविन तथा सार्वजनिक गर्ने नीति तथा ऐन निर्माणका लागि सरकार लागेको बताईन् । उनले भनिन्,'हामीले जिल्लादेखी केन्द्रसम्मका राजनीतिक दलका नेताहरु, वडाअध्यक्षदेखी राष्ट्रपतिसम्मका जनप्रतिनिधिहरु र सबै तह तप्काका कर्मचारीहरुको वार्षिक सम्पत्ति छानविन तथा सार्वजनिक गर्नुपर्ने नीति, नियम तथा ऐन कानुनका लागि पहल गरिहेका छौं ।' वर्तमान प्रचण्ड सरकार भष्ट्रचारको शुन्य सहनशिलता बाट अगाडि बढेकाले अनियमिता गर्ने माथि जुनसुकै पाटी, कर्मचारी तथा उच्च ओहोदाका व्यक्तिहरु नभनि भिआईपिहरुलाई समेत कानुनी दायरामा ल्याउने, पक्राउ गर्ने, अनुसन्धान गर्ने मुद्दा लगाउने काम गरिरहेको मन्त्री शर्माले बताईन । पञ्चायतकालमा एक आधा घटनाहरु मात्र सार्वजनिक हुन्थे तर संघीय लोकतान्त्रिक गणतन्त्रमा भने कानुन भन्दा माथि कोही छैन, केही व्यक्ति सत्ताको आडमा दुई चार दिन लुकेर बस्लान् तर दुई चार वर्ष भित्र सबै अपराधीहरु कानुनको दायरामा आउने र कारवाहीको भागिदार बन्ने उनले दावी गरिन् । संविधानका मौलिक हकहरु पूर्ण रुपमा कार्यान्वयन गर्न सके सुखी नेपाली सम्मृद्ध नेपाल बनाउन सकिने भएकाले सरकार, राजनीतिक दल, संवैधानिक अंगहरु, नागरिक समाजको भूमिका महत्वपूर्ण रहने मन्त्री शर्माले जोड दिईन । बन्दुकको नालबाट ढल्न नसकेको व्यक्ति संस्था सत्ता पाएपछी र विविध अवसरको कारण ढल्दै गएका छन्, त्यसैले सत्ता र अवसरमा पनि दायाँ-बायाँ नगरी इमान्दारिता पूर्वक काम गर्ने व्यक्ति नै राष्ट्रले खोजेको उनले उल्लेख गरिन् ।

मन्त्री शर्माले पत्रकार तथा आमसंचार माध्यमलाई व्यस्थित गर्ने विधेयक अर्थमन्त्रालयबाट स्विकृत भई मन्त्रीपरिषदको बैठकमा लैजाने गरी तयारी भईरहेको समेत बताईन । कार्यक्रम महासंघका अध्यक्ष रेखीराम रानाको अध्यक्षता, उपाध्यक्ष भरत शर्माको स्वागत र सचिव यज्ञमुर्ति तिमिल्सीनाको सञ्चालनमा भएको थियो । यस्तै विभिन्न कार्यक्रमहरुको दौरानमा पाल्पा आएकी मन्त्री शर्माले जिल्लाको बगनासकाली-९ बगनासडाँडामा रहेको रेडियो नेपाल र नेपाल टेलिभिजनको रिले स्टेसनको निरीक्षण, भगवती मन्दिरको दर्शन, पाल्पा दरवार र प्रेमको प्रतिक रानीमहलको अवलोकन समेत गरेकी छन् ।

## आज विश्व स्वास्थ्य दिवस मनाइँदै

**पाल्पा,** चैत २४/विश्व स्वास्थ्य दिवस नेपालमा पनि विभिन्न जनचेतनामूलक कार्यक्रम गरी आज मनाईंदैछ । 'मेरो स्वास्थ्य, मेरो अधिकार' भन्ने नाराका साथ यो दिवस मनाउन लागिएको हो ।

विश्व स्वास्थ्य संगठन (डब्लु.एच.ओं) को स्थापना दिवसको अवसरमा हरेक वर्ष अप्रिल ७ का दिन यो दिवस मनाउने गरिन्छ । विश्वमा १ करोड ३० लाख मानिसको वातावरणद्धारा उत्पन्न समस्याका कारण मृत्यु हुने गरेको डब्लुएचओले जनाएको छ । जलवायु परिवर्तनका कारण उत्पन्न स्वास्थ्य संकटको सामना गर्नुपर्ने अवस्था रहेको डब्लुएचआले उल्लेख गरेको छ । विशवमा कोराना महामारीको चुनौती संगै प्रदुषित वातावरणका कारण हुने क्यान्सर, दम, मुटुरोग, जस्तो चुनौती छन् । सबै नागरिकमा स्वच्छ खानेपानी तथा सरसफाई, खाद्य सुरक्षा, स्वच्छ र स्वस्थ वातावरण सुनिश्चित गर्दै सर्वसुलभ स्वास्थ्य सेवामा सबैको समान पहुँच पुऱ्याउन नेपाल सरकारले निरन्तर चुनौतीको सामना गरिरहेको छ ।

पछिल्लो समय अधिकांस मानिसहरु डिप्रेसनको शिकार हुने गरेका छन् । डिप्रेसनको रोगीको संख्या घटाउन नेपालमा गरिबी र बेरोजगारी समस्या समाधान गर्नुपर्ने चिकित्सकहरुको भनाइ छ । स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउनुपर्ने आवश्यकतामा जोड दिंदै नेपालमा हरेक वर्ष विश्व स्वास्थ्य दिवस मनाउने गरिन्छ ।

## सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा आज चैत २३ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र दैनिक २ शो **'बद्री बहादुर'** र १ शो चलचित्र **'महाजात्रा'** प्रदर्शन भइरहेको छ ।


*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे नेपाली चलचित्र **'बद्री बहादुर'** कलाकारहरु (धिरेन शाक्य, पूजा शर्मा, सलोन बस्नेत, जयकिशन बस्नेत) र तेश्रो सो साझ ५:३० बजे चलचित्र **'महाजात्रा'***


*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५५

## लोकदोहोरी प्रतिष्ठानको सुशासन, नेतृत्व विकास तथा मनोपरामर्श प्रशिक्षण

**पाल्पा,** चैत २४/जिल्लाको तानसेनमा संस्थागत सुशासन, नेतृत्व विकास तथा मनोपरामर्श प्रशिक्षण कार्यक्रम गरिएको छ । नेपाली कलाकारहरुको साझा संस्था राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल लुम्बिनी प्रदेशको आयोजना र प्रतिष्ठान पाल्पा शाखाको सह-आयोजनामा एक दिने प्रशिक्षण कार्यक्रम भएको हो ।





प्रतिष्ठानका केन्द्रीय पूर्व अध्यक्ष तथा प्रशिक्षण विभाग प्रमुख दुर्गा रायमाझीले संस्थागत सुशासन र मनोपरामर्शदाता ऋषि न्यौपानेले नेतृत्व विकास र मनोपरामर्शका बारेमा प्रशिक्षण दिएका थिए । प्रशिक्षणको प्रतिष्ठानका केन्द्रीय पूर्व अध्यक्ष तथा वरिष्ठ लोक गायक दुर्गा रायमाझीले उद्घाटन गरेका हुन् । प्रशिक्षणको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका रायमाझीले अहिलेको अवस्थामा संस्थागत सुशासन, नेतृत्व विकास तथा मनोपरामर्श आवश्यक रहेको उल्लेख गर्दै प्रतिष्ठान लुम्बिनी प्रदेशले प्रशिक्षण अयोजना गरेकोमा खुसी व्यक्त गरे । उनले संस्थालाई विकाससँगै कलाकारहरुको नेतृत्व क्षमताको विकास गर्न प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्ने बताए । गायक रायमाझीले लोक, गीत, संगीत पहिचान भएको बताए । उनले विकासका जति सुकै कुरा गरे पनि पहिचान भएन भने त्यसको अर्थ नरहने धारणा व्यक्त गरे । गायक रायमाझीले उदाहरण दिर्दै भने,'नेपाली र अमेरिकन व्यक्तिको रगत ल्याव टेस्ट गर्दा कस्तो छ, कुन ग्रूप हो भन्न सकिन्छ तर कुन देशको व्यक्ति हो भन्न सकिदैन, ढाका टोपी, दौरासुरुवाल लगाएको व्यक्ति र टाइ सुट लगाएको व्यक्तिलाई एकै ठाउँमा राख्दा कुन देशको हो भन्न सकिन्छ ,त्यो उसको पहिचानले चिनाउन्छ ।' गीत, संगीत पनि त्यहि पहिचान भएको उनले उल्लेख गरे । गायक रायमाझीले आर्थिक, राजनीतिक वहसहरु हुने गरे पनि संस्कृतिको वहस कहिल्यै नहुने गरेको बताए । उनले सरकारी तवरबाटै संस्कृतिको वहस हुन जरुरी रहेको धारणा व्यक्त गरे । कार्यक्रममा विशिष्टि अतिथि रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले स्थानीय भाषा, कला, संस्कृतिको संरक्षणमा आफुहरुले विशेष ध्यान दिएको बताए । उनीहरुले कला, संस्कृतिको सरंक्षण गर्ने दायित्व स्थानीय सरकारको समेत रहेकाले आफुहरुले त्यसतर्फ विशेष ध्यान दिएको उल्लेख गरे । प्रतिष्ठानका केन्द्रीय सदस्य दिल्लीनारायण पाण्डेले पाल्पा लोकसंस्कृतिको खानी रहेको भन्दै त्यसको संरक्षण र प्रवर्द्धनमा स्थानीय सरकारको ध्यान जान जरुरी रहेको बताए । उनले प्रतिष्ठानमा जिल्लादेखि प्रदेश र केन्द्रसम्म नै पाल्पाली कलाकारहरु नेतृत्व तहमा रहेको भन्दै आगामी दिनमा अझ पाल्पाको कला संस्कृतिलाई राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा चिनाउनुपर्नेमा जोड दिए ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व स्वास्थ्य दिवसको सन्दर्भ

**विश्व स्वास्थ्य दिवस आज नेपालसहित विश्वर विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाईदैछ । विश्व स्वास्थ्य संगठनको स्थापना दिवसको अवसरमा हरेक वर्ष अप्रिल ७ का दिन यो दिवस मनाउने गरिन्छ । यस वर्ष'मेरो स्वास्थ्य, मेरो अधिकार' भन्ने नाराका साथ यो दिवस मनाइँदैछ । शरीर स्वस्थ रहनु महत्वपूर्ण छ । मानव शरिर स्वस्थ राख्न सचेतना फैलाउने उद्देश्यले हरेक वर्ष यो दिवस मनाउने गरिएको हो । यद्यपी दिवस हरेक वर्ष हरेक पटक मनाउने गरेपनि स्वास्थ्य चुनौति भने झन् बढ्दो रहेको छ । वर्तमान समयमा खराब र अस्वस्थकर जीवनशैली र खानपानले शरीरमा विभिन्न रोग देखापर्ने गरेका छन् । स्वस्थ शरीरले मात्रा हामी सुन्दर जीवनको परिकल्पना गर्न सक्छौं । त्यसका लागि व्यक्ति स्वयमले नै स्वास्थ्यलाई कस्तो राख्ने भन्ने कुरा आफैमा निर्भर रहन्छ । यसैले पनि यसवर्ष दिवसको नारा मेरो स्वास्थ्य, मेरो अधिकार भन्ने राखिएको हो । मानिसले शरिरलाई स्वस्थ राख्न सन्तुलित आहार, व्यायम र सकरात्मक सोंच राख्न आवश्यक छ ।**

**स्वास्थ्य शरीरको कल्पना सन्तुलन खानाबिना अधुरो छ । हामीले खाने खानपानले नै हाम्रो शरीर कस्तो हुने निर्धारण गर्छ । शरीरलाई भिटामिन, प्रोटिन, क्याल्सियम, फाइबर जस्ता पोषणयुक्त खानाको आवश्यक पर्छ । यी खानाको पूर्तिबाट नै शरीर स्वस्थ रहन्छ । सन्तुलित भोजनले समग्र शरीरलाई सन्तुलनमा राख्छ जसले रोगबाट लड्न सकिन्छ । अर्कोतर्फ व्यायाम र योगले समग्र स्वास्थ्य अवस्थामा सुधार गर्दछ । यसले हाम्रो मांसपेशीलाई ठिक राख्छ भने शरीर तन्दुरुस्त र फूर्तिलो बनाउँछ । योग र व्यायामले शरीरमा उर्जा बढाउँछ । जसले गर्दा हाम्रो दक्षताका साथै मानसिक क्षमता पनि बढ्छ । श्वासप्रश्वासलाई नियन्त्रण गरी फोक्सो र मुटुलाई स्वस्थ राख्न पनि योग र व्यायाम जरुरी छ । सकारात्मक सोचले पनि मानिसलाई स्वस्थ राख्न ठूलो टेवा पुऱ्याउँद छ । स्वस्थ शरीरका लागि मानसिक स्वास्थ्य पनि स्वस्थ हुन आवश्यक छ । मानसिक स्वास्थ्य स्वस्थ हुन हाम्रो सोच सकारात्मक हुनुपर्छ । त्यसैले स्वास्थ्य शरीरका लागि व्यक्तिको सोंच पनि सकारात्मक चाहिन्छ । व्यक्तिको मनमा शान्ति, तनाव, चिन्ता भएमा यसले विभिन्न रोगको सिकार बनाउँछ । सकारात्मक चिन्तनले व्यक्तिको मनमा यस्ता विचलन आउन पाउँदैन् । अधिकांस मानिसहरुमा यी कुराहरुको ज्ञान र जानकारी नहुँदा पनि अस्वस्थकर जीवन बाच्नु परेको छ । उनीहरुलाई यस्ता विषयहरुमा सचेतना जगाउन सकियो भने मात्र पनि स्वास्थ जीवन जीउन मद्धत पुग्ने मात्र होइन हरेक वर्ष मनाउने विश्व स्वास्थ्य दिवसले समेत सार्थकता प्राप्त गर्दछ ।**

## Opinion @ Social Network

मैले सबैलाई मित्र देखे, भित्रबाट सबैको चरित्र देखे...
वास्तविकता तितो रहेछ, सबै मान्छे बिचित्र देखे ।
*(कृष्ण अर्यालको फेसबुक स्टाटस https://www.facebook.com/krishna.aryal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गहुँ बालीमा लाग्ने कालो सिन्दुरे के हो ?



सुरज वैद्य

हाम्रो देशमा उत्पादनका हिसाबले धान र मकैपछि तेस्रो महत्त्वपूर्ण स्थान हिउँदेबाली गहुँले ओगटेको छ । खाद्यान्नका आधारमा धानपछि गहुँ प्रमुख बालीमा पर्छ । सन् १९६० को दशकदेखि अहिलेसम्म हामीकहाँ गहुँको औसत क्षेत्रफल सात गुणा, उत्पादन १५ गुणा र उत्पादकत्व दुई गुणाका दरले बढेको छ । हाल देशभरि ९५ प्रतिशतभन्दा बढी उन्नत जातका गहुँ खेती गरिन्छन्, जसलाई 'नेपाल कृषि अनुसन्धान परिषद्'बाट विकास गरिएको हो ।

हामीकहाँ गहुँको उत्पादन जति हुनुपर्ने हो, त्यति हुन सकेको छैनह कारण यसमा विभिन्न प्रकारका रोगले आक्रमण गर्ने गर्छ । संवेदनशील गहुँको जात लगाउनु, समयानुसार रोगका जीवाणुका विभिन्न प्रजाति विकास हुनु, मौसममा परिवर्तन र असन्तुलित रासायनिक मलको प्रयोग गर्नु, खेती प्रणालीमा आएको परिवर्तन र पुरानो बिउको निरन्तर प्रयोग तथा रोगका बारेमा जनचेतनाको कमी हुनु नै रोग लाग्नुका मुख्य कारण हुन् ।

**सिन्दुरे रोग :** गहुँमा लाग्ने मुख्य रोगहरूमध्ये सिन्दुरे रोग प्रमुख हो । सिन्दुरे रोग तीन प्रकारका छन्– पहेँलो सिन्दुरे, खैरो सिन्दुरे र कालो सिन्दुरे । मुख्य गरी तराईमा खैरो, पहाडमा पहेँलो सिन्दुरेको प्रकोप बढी छ । कालो सिन्दुरे पहाडका केही स्थानमा फाट्टफुट्ट देखापरेको छ ।

आजभन्दा करिब २३ वर्षअगाडि अफ्रिका महादेशको युगान्डा देशमा उत्पत्ति भएको 'युजी ९९' नामक विनाशकाली कालो सिन्दुरेले गहुँ बालीमा ठुलो नोक्सानी गरेको थियो ।

उक्त प्रजाति अफ्रिकाका अन्य राष्ट्र इथियोपिया, केन्या, सुडान, इरिट्रिया, इजिप्ट हुँदै एसिया महादेशका राष्ट्रहरू इरान, यमन, ओमन, इराक, जोर्डन आदि देशमा फैलिएको देखिन्छ । 'युजी ९९' लाई टीटीकेएसके नामबाट पनि चिनिने र उक्त प्रजातिका हालसम्म अन्य १५ किसिमका व्युत्पन्न(डेरिभेटिभ्स) प्रजाति विकसित भइसकेको छ । ती १५ प्रजातिमध्ये 'टीटीकेटीटी' नामक प्रजाति हाल हाम्रो देशमा पनि देखिएको छ । यस राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटारबाट भन्दा करिब ४ महिना अगाडी कार्तिक २२, २०८० मा दोलखा जिल्लाको दाङढुङ्गे र खरीढुंगाका क्षेत्रहरूमा गाईवस्तुको आहाराको लागि हरियो घाँसको रूपमा खेती गरिने गहुँको बोटबाट रोगको सर्वेक्षण क्रममा लिइएको सिन्दुरे रोगको नमुना परीक्षण गर्दा यो प्रजाति भेटिएको छ । राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र खुमलटारबाट २०८० कात्तिक २२ गते दोलखा जिल्लाको दाङढुङ्गे र खरीढुङ्गाका दुईवटा गहुँबारीबाट केही गहुँ (गाईवस्तुको आहाराका लागि हरियो घाँसका रूपमा खेती गरिने गहुँ) का बोटलाई परीक्षणका लागि ल्याइएको थियो । त्यहाँबाट सङ्कलित नमुनालाई 'ग्लोबल रस्ट रिर्सट सेन्टर' डेन्मार्कको प्रयोगशालामा परीक्षण गर्दा 'टीटीकेटीटी' नामक 'युजी ९९' को प्रजाति प्रमाणित भएको छ । यस प्रजातिले अफ्रिकाका देशमा करिब ८० प्रतिशतभन्दा बढी गहुँ बालीमा नोक्सानी पुऱ्याएको तथ्याङ्कले देखाएको छ । हालसम्म दक्षिण तथा पूर्वी एसियाका देशमा नदेखिएको यस प्रजाति हाम्रो देश नेपालमा देखिएको हुँदा भविष्यमा यस प्रजाति अन्य क्षेत्रमा फैलिएर गहुँ बालीमा ठुलो नोक्सानी गर्न सक्ने भएकाले समयमै यस रोगको रोकथामप्रति सजगता अपनाउनुपर्ने देखिन्छ ।



*मुख्य गरी तराईमा खैरो, पहाडमा पहेँलो सिन्दुरेको प्रकोप बढी छ । कालो सिन्दुरे पहाडका केही स्थानमा फाट्टफुट्ट देखापरेको छ । आजभन्दा करिब २३ वर्षअगाडि अफ्रिका महादेशको युगान्डा देशमा उत्पत्ति भएको 'युजी ९९' नामक विनाशकाली कालो सिन्दुरेले गहुँ बालीमा ठुलो नोक्सानी गरेको थियो । उक्त प्रजाति अफ्रिकाका अन्य राष्ट्र इथियोपिया, केन्या, सुडान, इरिट्रिया, इजिप्ट हुँदै एसिया महादेशका राष्ट्रहरू इरान, यमन, ओमन, इराक, जोर्डन आदि देशमा फैलिएको देखिन्छ । 'युजी ९९' लाई टीटीकेएसके नामबाट पनि चिनिने र उक्त प्रजातिका हालसम्म अन्य १५ किसिमका व्युत्पन्न (डेरिभेटिभ्स) प्रजाति विकसित भइसकेको छ । ती १५ प्रजातिमध्ये 'टीटीकेटीटी' नामक प्रजाति हाल हाम्रो देशमा पनि देखिएको छ । यस राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटारबाट भन्दा करिब ४ महिना अगाडी कार्तिक २२, २०८० मा दोलखा जिल्लाको दाङढुङ्गे र खरीढुंगाका क्षेत्रहरूमा गाईवस्तुको आहाराको लागि हरियो घाँसको रूपमा खेती गरिने गहुँको बोटबाट रोगको सर्वेक्षण क्रममा लिइएको सिन्दुरे रोगको नमुना परीक्षण गर्दा यो प्रजाति भेटिएको छ ।*

यो रोग 'पुचिनिया ग्रामिनिस ट्रिटिसी' नामक ढुसी (जीवाणु)बाट लाग्छ, जुन हावाबाट कैयौं किलोमिटरसम्म फैलिन सक्ने विभिन्न अनुसन्धानबाट पुष्टि भइसकेको छ । यस रोगको जीवाणु हावाको माध्यमबाट केन्या तथा अन्य अफ्रिकी मुलुकका देशबाट हाम्रो देश नेपालमा फैलिएको हुन सक्ने प्रारम्भिक अनुमान लगाउन सकिन्छ । तसर्थ यस रोगको जीवाणुबारे थप अध्ययन–अनुसन्धान गरी सजगता अपनाउनुपर्ने देखिन्छ ।

नेपाल कृषि अनुसन्धान परिषद्बाट केही रोग अवरोधक जात सिफारिस भई किसानहरूले खेती गर्दै आएका छन् । सिफारिस भएका जातमध्ये विजय, जिङ्ग गहुँ १, जिङ्ग गहुँ २, मुनाल, च्याखुरा, डाँफे, बाणगङ्गा, हिमगङ्गा, तिलोत्तमा, स्वर्गद्वारी, खुमल शक्ति आदि सिन्दुरे रोगको अवरोधक छन् । यीबाहेक उन्मोचनका लागि पाइपलाइनमा रहेका रोग अवरोधक थप जातका बिउ सिफारिस गर्नुपर्ने देखिन्छ ।

**-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिवारजनमा खुसी छाउँनेछ । मानप्रतिष्ठान मिल्ने छ । | **तुला** : महिला वर्गबाट सहयोग मिल्नेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। |
| **वृष** : नयाँ अनुभव मिल्ने र योजना बन्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ। | **वृश्चिक** : प्रयत्न गरे फाइदा लिन सकिनेछ । साथीभाइसँग समय बित्नेछ। |
| **मिथुन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । सामाजिक कार्य अघि बढ्नेछ। | **धनु** : मनोरञ्जन पूर्वक दिन बित्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । |
| **कर्कट** : राजनैतिक कार्यमा सफलता मिल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ। | **मकर** : प्रेममा मनमुटाव आउनेछ । आफ्नो विचार विपरित निर्णय हुनेछ । |
| **सिंह** : समाजसेवामा मन लाग्नेछ । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ । | **कुम्भ** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ । |
| **कन्या** : अधिकारका लागि संघर्ष गर्नुपर्ला, तरपनि कुनै कुराले मन प्रसन्न रहला । | **मीन** : अवसरले मन प्रसन्न रहनेछ । नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ। |

# कृषि

## बारीमा तरकारी, घरमै रोजगारी



बाँकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौना ललहीका ४५ वर्षीय टेकराज थारूको दैनिकी तरकारी गोडमेल र स्याहारसुसारमै बित्ने गर्दछ । उनको आम्दानीको स्रोत नै खेतबारी हो । टेकराजका धेरै साथीहरु रोजगारीका लागि विदेश पुगेका छन्, कतिपय साथी मजदुरी गर्न नेपालगञ्जमा भौंतारिरहेका छन् । उनले भने तरकारी खेती छोडेर रोजगारी गर्नेतिर कहिल्यै सोचेनन् ।

'मेरो जागिर भने पनि रोजगारी भने पनि यही तरकारीखेती हो । बिहानदेखि साँझसम्म यहीं काम गर्छु', आफूले गरेको तरकारीखेती देखाउँदै टेकराजले भने, 'आफ्नो घरमा बसेर तरकारीखेती गर्दै आएको छु कुनै सिजनमा सोचेभन्दा राम्रो आम्दानी हुन्छ, कहिले अलि थोरै हुन्छ ।' टेकराजले आफूसँगै घरपरिवारका सदस्यहरुलाई पनि तरकारीखेतीको काममा लगाउने गरे । तरकारीखेतीबाटै जीवन निर्वाह गर्दै आएका उनले वार्षिक करिब रु १० देखि १२ लाखसम्म कमाई गर्ने गरेको बताए । व्यावसायिक तरकारीखेतीमा दैनिक श्रम गर्ने उनलाई आफ्नै खेतबारीमै विदेशमा पाइने भन्दा उत्तम रोजगारी मिलेको अनुभूति हुन्छ । विगतमा उनी निर्वाहमुखी खेती गर्दै आएपनि पछिल्लो एक दशकदेखि व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । बाह्रैमास उनको खेतबारी हराभरा देखिन्छ । मौसमी र बेमौसमी तरकारीखेती गर्ने उनको दैनिकी पनि निकै व्यस्त हुन्छ । 'परिवारसँगै हाँसीखेली काम गर्न पाइएको छ, परिवारमा दुःख पर्दा सहयोग हुन्छ', टेकराजले भने, 'कोही बिरामी पर्दा विदेशबाट भनेकै बेला सहयोग गर्न घर आउँछु भन्न पाइँदैन, सबै परिवार घरमा हुँदा एकअर्काका लागि पनि निकै सहयोग पुगेको छ ।' अहिले उनको खेतबारीमा काँक्रा, गोलभेँडा, फर्सी, खुर्सानीलगायत तरकारी बिक्री गर्ने अवस्थामा छन् भने घिरौँला, तोराय, लौका, तर्भुजलगायत तरकारी तयार हुँदै गएका छन् । रोजगारीको खोजीमा युवा जनशक्ति विदेश पलायन बढ्दो छ । स्वदेशमा रोजगारीको सम्भावना नभएको भन्दै विदेश पस्ने युवाका लागि टेकराज प्रेरणाको स्रोत बनेका छन् । उत्पादित कृषि उपज घरबाटै बिक्री हुने गरेको उले बताए । 'मेहेनत र काम गर्ने इच्छा शक्ति हुने होभने पैसा कमाउन विदेश नै जानुपर्दैन । यहाँ पनि सम्भावना छन् । मेहेनत गर्न सके बाँझो रहेको जग्गाबाटै लाखौं आम्दानी गर्न सकिन्छ', टेकराजले भने, 'धनआर्जनका लागि सरकारी जागीर खानैपर्छ वा विदेश पुग्नुपर्छ भन्ने सोच मसँग छैन ।' बारीमा तरकारी रोपेर पनि स्वरोजगार बन्न सकिने भन्दै उनले यसमा सरकारले प्रोत्साहन गर्न जरुरी रहेकामा जोड दिए । विगतमा गहुँ, मकै लगाउने जग्गामा टेकराजले अहिले मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आएका छन् । परिवारका लागि मुख्य आयस्रोत भनेकै तरकारी खेती हो । 'विदेश बसेर भन्दा घरमा बसेर तरकारी खेती गर्दा आनन्द छ । परिवारसँग बस्न पाइएको छ, खान पाइएको छ, मेहेनत गरे घरमै बसेर तरकारी खेतीबाट पनि राम्रो आम्दानी गर्न सकिन्छ', टेकराजले भने,'विदेशमा पसिना बगाएर कमाएको पैसा घरखर्च मै सकिने हुन्छ, तरकारी खेती गरेर वर्षमा लाख रूपैयाँ बचत हुँदा किन विदेश गएर पैसा कमाउने सपना देख्ने ? विदेशमा पनि रुखमा पैसा फल्ने होइन, जहाँ गरेनि दुःख गर्नैपर्ने हो ।' टेकराजको तरकारीखेती देखेर अहिले ललही गाउँका अन्य किसान पनि व्यावसायिक तरकारीखेतीतर्फ आकर्षित हुन थालेका छन् । रोजगारीका लागि विदेश नै पुग्नुपर्छ भन्ने मानसिकता युवा पुस्ताले हटाउनुपर्ने अर्का कृषक मधु थारूले बताए । राप्ती सोनारी गाउँपालिकाले किसानलाई बगरखेतीतर्फ आकर्षित गर्न अनुदान कार्यक्रम ल्याएको छ । बगरखेती गर्ने किसानलाई रु पाँच लाखसम्मको अनुदान दिने कार्यक्रम रहेको गाउँपालिका कृषि शाखा प्रमुख चन्दाकुमारी शाहीले जानकारी दिए । उनका अनुसार यो वर्ष राप्ती सोनारी-५ बिनौनास्थित ललही टेकराज थारूको बगरखेती समूह र वडा नं १ का बगरखेती कृषक मानबहादुर रानामगरलाई रु पाँच लाख बराबरको अनुदानको सम्झौता गरिएको छ । बगरखेतीतर्फ किसानलाई आकर्षित गर्न अनुदान कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले बताए । उनले बगरखेती किसानले उत्पादन गरेको कृषि उपजलाई बजारीकरणका लागि समेत गाउँपालिकाले आवश्यक पहल गर्ने उल्लेख गरे ।-रासस

## बारामा एक वर्षमा दुई लाख ७१ हजार मेट्रिक टन धान उत्पादन



बारा जिल्लाका किसानले यस वर्ष ६२ हजार २० हेक्टर क्षेत्रफलमा अगहनी, भदैया र चैते धान रोपेर दुई लाख ७१ हजार ६२ मेट्रिक टन उत्पादन गरेका छन् ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजनारायणप्रसाद साहका अनुसार चालु आर्थिक वर्षमा अगहनी धान ३४ हजार एक सय २० हेक्टरमा लगाइएकामा एक लाख ३३ हजार आठ सय ९२ मेट्रिक टन उत्पादन भएको थियो । त्यसैगरी, भदैया धान ११ हजार नौ सय हेक्टरमा रोपेर ५१ हजार एक सय ७० मेट्रिक टन फलाइएको थियो । सोह्र हजार हेक्टरमा गरिएको चैते धान ८० हजार मेट्रिक टन उत्पादन भएको थियो । अधिकांश किसानले खेतबाट नै धान बेचेका थिए । अगहनी प्रतिक्विन्टल रु तीन हजार चार सय, भदैया प्रतिक्विन्टल दुई हजार नौ सय र चैते धान प्रतिक्विन्टल तीन हजारमा बिक्री भएको थियो । गत वर्ष दुई लाख ५० हजार मेट्रिक टन धान उत्पादन भएको थियो ।-रासस

## धादिङका किसान चैतेधान रोप्न व्यस्त



धादिङका किसान चैतेधान रोप्न व्यस्त भएका छन् । समयमा पर्याप्त वर्षा नभएपछि रोपाइँमा विलम्ब भएको हो ।

केही दिनअघि पानी परेपछि अहिले किसान खेतमा व्यस्त भएका हुन् । चैतको सुरुआतमै धान रोपिसक्नुपर्ने भए पनि तीन बाली लगाउने खेतमा तरकारी बाली उठाएर रोपाइँ गर्नुपरेकाले केही ढिलो भएको नीलकण्ठ नगरपालिका-७ का किसान बलराम अधिकारीले बताए । कृषि विकास कार्यालय धादिङका अनुसार जिल्लाभर दुई हजार दुई सय ८८ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । जिल्लामा दश हजार मेट्रिक टन चैतधान उत्पादन हुँदै आएको वरिष्ठ कृषि प्रसार अधिकृत निर्मला गुरुङले जानकारी दिए । उनले रोपाइँ भर्खर प्रारम्भ भएकाले चैतेधान कति किसानले रोपे भन्ने विवरण सङ्कलन भई नसकेको बताए ।-रासस

## कफीखेती विस्तार गर्दै महाभारत गाउँपालिका



काभ्रेपलाञ्चोक जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित दुर्गम महाभारत गाउँपालिकाले कफीखेती विस्तारका लागि 'पकेट क्षेत्र' थपेको छ । चालु आर्थिक वर्षमा गाउँपालिकाले थप दुई वडामा पकेट क्षेत्र बढाएको हो ।

हाल यो गाउँपालिकाका सबै वडामा कफीखेती हुँदै आएको छ । यसअघि छ वटा वडालाई पकेट क्षेत्र बनाएको थियो । गाउँपालिकाका अनुसार यसवर्ष एक र ७ नं वडामा कफी पकेट क्षेत्र विस्तारका लागि स्थानीय किसानलाई कफीको बिरुवा रोप्नदेखि उत्पादकत्व बढाउने तथा त्यसको बजारीकरणसम्मको विषयमा तालिम दिँदै आएको छ । 'कफीखेती गर्न इच्छुक किसानलाई हौसला दिने कार्यक्रमसमेत गाउँपालिकाले गर्दै आएको छ', पालिकाको कृषि शाखा प्रमुख खिमबहादुर डाँगीले भने । शाखा प्रमुख डाँगीका अनुसार यो वर्ष पनि कफी प्रवर्द्धन कार्यक्रम गाउँपालिकाको बजेटमा उल्लेख गरिएको छ । सडकको विकाससँगै कफीखेती गर्ने किसानको सङ्ख्या पनि बढिरहेको बताइन्छ । गाउँपालिकाको वडा नं २, ३, ४, ५, ६ र ८ मा ९/९ वटा पटेक क्षेत्र स्थापना गरिएको हो । गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले कफीखेतीलाई प्राथमिकता दिइ सुरुआतदेखि नै कफीखेती हुने क्षेत्रको सर्वेक्षण गरेर क्रमशः त्यही अनुसारको योजना बनाएको बताए । उनले भने, 'बाँकी दुईवटा यही आर्थिक वर्ष भित्र पकेट क्षेत्र बनाउने योजनाका साथ गाउँपालिका लागेको छ ।' उनका अनुसार कफी बिक्रीबाट पालिकाभित्र वार्षिक रु ५० हजारदेखि आठ लाखसम्म आम्दानी गर्ने किसान छन् । सर्वेक्षण अनुसार पहिलो प्राथमिकतामा परेको वडा नं २ मा सबैभन्दा बढी कफीखेती भइरहेको छ ।

पालिकाका वडा नं ३, ४, ५, ८, ६, ७ र १ मा कफीखेती हुँदै आएको हो । उक्त गाउँपालिकाका एक हजार किसान व्यावसायिक कफीखेतीमा संलग्न छन् । कृषि शाखाका अनुसार गत वर्ष करिब डेढ लाख केजी चेरी-कफीको फल उत्पादन भएको थियो । एक हजार चार सय ३३ रोपनी जमिनमा कफीखेती भइरहेको छ । गाउँपालिकाले गत वर्ष किसानलाई एक लाख कफीको बिरुवा वितरण गरेको थियो भने कफीको दुई नर्सरी स्थापना गरेको जनाएको छ । -रासस

## उन्नत जातको मकैमा दाना नलागेपछि किसान चिन्तित



उन्नत जातको मकैमा दाना नलागेपछि सर्लाहीका किसान चिन्तित भएका छन् । जिल्लाको बागमती, बरहथवालगायत स्थानमा सयौं किसानले लगाएको उन्नत जातको मकैमा दाना नलागेपछि किसानलाई चिन्ताले सताएको हो ।

मकैमा आकर्षक घोगा लागे पनि दाना भने नलागेको स्थानीय किसान चन्द्रबहादुर जिम्बाले गुनासो गरे । प्रति किलो रु ६५० किलोमा किनेर सात कठ्ठामा लगाएको मकैमा दाना नलागेपछि लगानी डुबेको बागमती नगरपालिका-४, का किसान राम विश्वास महतोले बताए । 'धेरै फल्ने आशामा महँगो मूल्यमा बीउ किनेर रोपियो', उनले भने,'अहिले सबै लगानी डुब्यो ।' बागमती र बरहथवाका किसानले लगाएको बिघौँबिघा क्षेत्रफलको हाइब्रिड मकैमा दाना नलागेको किसानको दाबी छ । यस क्षेत्रमा उत्पादन राम्रो हुने भएपछि किसानले वर्षको दुई यामसम्म उन्नत जातको मकै रोप्ने गरेका छन् । प्रशस्त फल्ने विश्वासमा ऋण गरेर रोपेको मकैमा दाना नलागेपछि आफू बर्बाद भएको अर्का किसान रञ्जित महतोले गुनासो गरे। उनले गत मङ्सिरमा तीन बिघा क्षेत्रफलमा उन्नत जातको मकै लगाएको बताए । उनका अनुसार घोगा ठूलो लागे पनि दाना लागेको छैन । महँगो बीउसँगै विशेष किसिमले मलखाद हालेर लगानी गरेको मकै नफलेपछि किसान छागाँबाट खसेजस्तै भएका छन् । र किसानलाई गुणस्तरहीन मकैको बीउ बिक्री गरेर ठगी गरेको बरहथवा-५ कि ललिता साहको आरोप छ । मकैमा दाना नलागे पछि आफूहरु सङ्कटमा परेको उनले गुनासो गरे । उन्नत जातको मकै खेतीका लागि प्रतिकठ्ठा रु तीन हजारदेखि तीन हजार पाँच सयसम्म खनजोत, मलखाद र कामदार खर्च लागेको किसानहरूले बताएका छन् । जग्गा भाडामा लिएका किसानको लगानी अझ बढी छ । उत्पादन बिग्रिएका अधिकांश किसानले भारतीय बीउ उत्पादन कम्पनी नुजिभिडु सिड्सले उत्पादन गरेको 'विनर' नामको मकै लगाएको बताएका छन् । मङ्सिरका पहिलो साताअघि लगाइएको अन्य कम्पनीका हाइब्रिड जातको मकैमा समस्या देखिएको बागमती नगरपालिकाका कृषि प्राविधिक हिमाल साहीले जानकारी दिए ।

बीउ उत्पादक कम्पनीले भने मौसम अनुकूल नभएका कारण मकैमा दाना नलागेको जनाएको छ । नुजिभिडु सिड्सका नेपाल प्रतिनिधि श्रीप्रसाद पालिखेलले किसानले समययमावै मकै रोपेका कारण समस्या भएको दाबी गरे । मकैको परागसेचनको समयमा धेरै चिसो भएको उनले दाबी छ । 'किसानले मकै रोप्न हतार गर्नुभयो', उनले भने, 'कम्पनीले मकै रोप्ने समय जानकारी गराउँदा अटेर गर्नुभएको देखियो ।' मङ्सिर पहिलो सातादेखि रोप्नुपर्ने मकै कात्तिकतिरै रोपिएको उनको दाबी छ । दाना नलागेका किसानको विवरण सङ्कलन गरेर भारतस्थित कम्पनीमा जानकारी गराइएको उनले बताए । किसानलाई कसरी राहत पुऱ्याउन सकिन्छ भनेर आफूहरुले अनुगमन गरिरहेको उनले बताए । नगरपालिका स्थित कृषि शाखाले क्षतिको विवरण सङ्कलन गरिरेहेको छ । किसानलाई अनुदानमा वितरण गरेको मकै उत्पादन नभएको गुनासोपछि आफूहरुले विवरण सङ्कलन सुरु गरेको र एक दुई दिनभित्रमा पूर्ण विवरण सार्वजनिक गरिने नगर कृषि शाखा अधिकृत अवधेशकुमार झाले जानकारी दिए । अत्यधिक मकै उत्पादन हुने यस क्षेत्रमा नगरपालिकाले 'मकै क्षेत्र' विकासका लागि छ सय किलो विनर मकैको बीउ अनुदानमा वितरण गरेको थियो । जिल्लाको कर्मैया, ढुङ्खोला, शङ्करपुर, राजघाट, हजरिया, मुर्तियालगायत स्थानमा हाइब्रिड मकै उत्पादन हुने गरेको छ । जिल्लामा बर्सेनि १२ हजार हेक्टर क्षेत्रफलमा मकै लगाउने गरिको छभने यहाँ ५ दशमलव ३ लाख मेट्रिक टन मकै उत्पादन हुने गरेको जिल्ला कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत देवानन्द यादवले बताए ।-रासस

# दुरदराजका नागरिकको जीवनस्तर सुधारौं : सांसद राना



**पाल्पा,** चैत २४/लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले सहकारीमार्फत दुरदराजका नागरिकहरुको जीवनस्तर सुधार गर्ने दिशामा लाग्न सहकारी अभियान्ताहरुलाई आग्रह गरेका छन् ।

शनिबार श्री नागरिक बहुउद्देश्यीय सहकारी संस्थाले आयोजना गरेको नयाँ वर्षको क्यालेण्डर विमोचन तथा शुभकामना आदान-प्रदान कार्यक्रमलाई तानसेनमा सम्बोधन गर्दै सांसद रानाले अझै पनि दुरदराजमा रहेका नागरिकहरुको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकाले उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारी भूमिका खेल्नु पर्ने बताएका हुन् । उनले गाउँका युवा र महिलाहरुलाई उत्पादन र उद्यमसँग जोडेर आत्मनिर्भर बनाउन सकियो भने मात्र मुलुकको समृद्धि हुने बताए । सांसद रानाले भने,'व्यक्तिको जीवनस्तर सुधार गर्नु अहिलेको आवश्यकता हो, व्यक्तिको अवस्था सुधार भए मात्र समाज र राष्ट्रको अवस्था सुधार हुन्छ ।' सहकारीले नीति र सिद्धान्नमा रहेर उद्यम र रोगजारीका क्षेत्रमा लगानी गर्न सांसद रानाले आग्रह गरे । सहकारीमार्फत उत्पादनका क्षेत्रमा लगानी गरेर गाउँ बस्तीमा उद्यम र स्वरोजगारका कार्यक्रमहरु गर्न सके गाउँलाई चहलपहल बनाउन सकिने उनको भनाई छ । कार्यक्रममा नेपाली काँग्रेस पाल्पा सभापति हिमालदत्त श्रेष्ठले सहकारीले शेयर सदस्यहरुलाई उत्पादन र रोजगारसँग जोड्नुपर्ने बताए । उनले नागरिकहरुलाई आयआर्जनसँग जोडी आत्मनिर्भर बनाउने दिशामा ध्यान दिन सहकारीलाई आग्रह गरे । कार्यक्रममा रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य मोहनप्रसाद श्रेष्ठ, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, नेपाली काँग्रेस पाल्पा क्षेत्र नं २ का क्षेत्रिय सभापति मुक्तिराम जिसी, प्राध्यापक संघका पूर्व केन्द्रीय महासचिव केशवराज शर्मा, शिक्षक संघ पाल्पाका अध्यक्ष लक्ष्मण बस्याल, नेपाल ट्रेड युनियन पाल्पाका पूर्व सचिव टुनवीर रेस्मी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

सहकारीले विगतमा जस्तै यस वर्ष पनि नयाँ वर्ष २०८१ को भित्तेपात्रो विमोचनसँगै शुभकामना आदान-प्रदान गरेको सहकारीका व्यवस्थापक डोलराज अर्यालले जानकारी दिए । संस्थाका अध्यक्ष झमनबहादुर राज मगरको अध्यक्षता, कोषाध्यक्ष शान्ति झेडी थापाको स्वागत, सचिव देवी प्रसाद भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## अन्तर्राष्ट्रिय म्याराथनको उपाधि पुनलाई



**काठमाडौं,** चैत २४/लुम्बिनी अन्तर्राष्ट्रिय म्याराथनअन्तर्गत पुरुषतर्फको उपाधि बाग्लुङका तीर्थ पुनले जितेका छन् । पुनले निर्धारित ४२ किलोमिटर एक सय ९५ मिटरको दुरी २ घण्टा २० मिनेट ४९ सेकेन्डमा पार गरे । उनले उपाधिसँगै पाँच लाख रुपैयाँ प्राप्त गरेका छन् ।

यस्तै दोस्रो भएका नेपाली सेनाका खड्कबहादुर खड्काले तीन लाख रुपैयाँ पाए । कर्णालीका दुर्गाबहादुर बुढाले तेस्रो भएर दुई लाख रुपैयाँ प्राप्त गरे । यस्तै महिलातर्फको हाफ म्याराथनको उपाधि सन्तोषी श्रेष्ठले जितेकी छन् । २१ किलोमिटर एक सय मिटरको दुरी एक घण्टा १८ मिनेट ४५ सेकेन्डमा पुरा गरेकी श्रेष्ठले दुई लाख रुपैयाँ प्राप्त गरीन । यस्तै दोस्रो भएकी नेपाली सेनाकी पूर्ण राज्यलक्ष्मी न्यौपानेले एक लाख ६० हजार रुपैयाँ र तेस्रो भएकी एपीएफकी पुष्पा भण्डारीले एक लाख २० हजार रुपैयाँ प्राप्त गरिन् ।

अर्थ/कर्पोरेट समाचार

# क्रस बोर्डर भुक्तानीलाई सहजीकरण गर्न सम्झौता




**पाल्पा,** चैत २४/माछापुच्छ्रे बैंक लिमिटेडले क्रस बोर्डर भुक्तानी सहजीकरण गर्नका निमित्त नेपाल क्लियरिङ्ग हाउस र फोन पे संग भिन्दा भिन्दै सम्झौता गरेको छ । उसले नेपाल र भारतबीच क्रस बोर्डर भुक्तानी सहजीकरण गर्न सम्झौता गरेको हो ।

सम्झौताले नेपाल भ्रमणमा आउने भारतीय ग्राहकले यूपिआई एप्सको प्रयोगद्वारा आफूले प्रयोग गरेको सेवा तथा खरिद गरेको वस्तु तत्काल फोन पे नेटर्वक आवद्ध माछापुच्छ्रे बैंकका मर्चन्टहरुमा सोझै भुक्तानी गर्न सक्ने सुविधा प्रदान गर्नेछ । यस्तै व्यापारीहरूमा नगद लेनदेन कारोबार हटाएर क्यूआर भुक्तानी मार्फत सहज रुपमा कारोबार गर्न सुविधा समेत यसले प्रदान गर्ने बैंकले जनाएको छ । योसँगै भविष्यमा व्यापारी भुक्तानी च्यानललाई सहजीकरण गर्न नेपाल क्लियरिङ्ग हाउससँग पार्टीसिपेन्ट सेटेलमेन्ट बैंक साझेदारी समेत भएको छ । यस सम्झौता अनुरुप उक्त सेवा लाइभ गए पश्चात नेपालमा रहेका भारतीय नागरिकहरूले नेपाल राष्ट्र बैंकद्वारा तोकिएको सीमा पालना गर्दै माछापुच्छ्रे बैंकमा खोलिएको कुनै पनि यूपिआई ह्यान्डल-लिंक गरिएको खाताबाट भारतमा सीधै पैसा पठाउन सक्ने छन् । यसैगरी भारतमा रहेका नेपाली नागरिकहरूले पनि यूपिआई एप्स प्रयोग गरेर त्यहाँको नियामक निकयले तोकेको सिमाभित्र बसेर नेपालमा माछापुच्छ्रे बैंकको यूपिआई ह्यान्डल-लिंक गरिएको खातामा सिधै पैसा पठाउन सक्नेछन् ।

# मैत्री क्लवका नयाँ सदस्यलाई स्वागत



**पाल्पा,** चैत २४/तानसेनको सामाजिक क्षेत्रमा क्रियाशिल मैत्री क्लवले आफ्ना नयाँ सदस्यहरुलाई स्वागत गरेको छ । क्लवले तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी क्लवमा आवद्ध हुन आएका १० जना नयाँ सदस्यहरुलाई स्वागत गरेको हो ।

उसले सदस्यलाई स्वागतसँगै आउँदै गरेको नयाँ वर्ष २०८१ को शुभकामना समेत आदान-प्रदान गरेको छ । कार्यक्रममा संस्थाका संरक्षक दिलबहादुर शाक्यले नयाँ सदस्यहरुलाई क्लवमा स्वागत गर्दै नयाँ वर्षको शुभकामना व्यक्त गरे । उनले क्लवलाई सामाजिक क्षेत्रमा निरन्तर सक्रिय राख्न नयाँ सदस्यहरुको भूमिका महत्वपूर्ण रहने विश्वास व्यक्त गरे । कार्यक्रममा क्लवका संस्थापक अध्यक्ष त्रिलोचन शाक्य, निवर्तमान अध्यक्ष धिरेन्द्रलाल शाक्य, तानसेन-३ का वडा अध्यक्ष तथा क्लवका सल्लाहकार बाबुरत्न शाक्य लगायतको क्लवलाई थप शसक्त र क्रियाशिल बनाएर लैजाने दिशामा सबै एक भएर लाग्नुपर्नेमा जोड दिर्दै नयाँ वर्षको शुभकामना व्यक्त गरे । क्लवका अध्यक्ष मनिता शाक्यको अध्यक्षता, प्रथम उपाध्यक्ष पञ्च शाक्यको स्वागत, सह-सचिव सुशिला शाक्यको आस्था पाठ, सचिव विनु थापा शाक्यको सञ्चालनमा कार्यक्रम भएको क्लवका पूर्व अध्यक्ष विशान्तर शाक्यले जानकारी दिए ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## भूमिगत जलभण्डारको संरक्षण गरौं

- अव्यवस्थित शहरीकरण र औद्योगीकरणले जमिनमुनिको पानीको सतह घटिरहेको,
- स्वच्छ पिउने पानीको अभाव र वातावरण प्रदुषण बढेको,
- खेतियोग्य जमिनमा सिंचाई हुन नसकेको र कृषि उत्पादन घटेकोले :

**भूमिगत जलस्रोतको पुनर्भरणका लागि :**

- जलाधार क्षेत्रको संरक्षण गरौं,
- ग्रामीण भेगमा आहाल, पोखरी र तालतलैयाको निर्माण गरौं,
- शहरी क्षेत्रमा वर्षातको पानी मार्फत पुनर्भरणको विकल्प सहितका पूर्वाधार निर्माण गरौं,
- पानी पुनर्भरणमा सहयोग गर्ने प्रजातिका बोट विरुवा रोपौं,
- द्रुत जलप्रवाह हुने स्थानमा चेक ड्याम लगायतका नवीन प्रविधिको प्रयोग गरौं,
- भूमिगत पानीको पुनर्भरण कार्यलाई प्रोत्साहन गरी जल भण्डारणमा वृद्धि गरौं ।

दिगो विकासमा योगदान गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## लोकदोहोरी प्रतिष्ठानको...

...तानसेन नगरपालिका -६ का वडा अध्यक्ष सागरमान महर्जनले प्रतिष्ठानले गीत संगीतका माध्यमबाट स्थानीय, परम्परागत कुराहरुदेखि विकृति विसंगतीका विषय उठान गरेको बताए । उनले कला, संस्कृतिको संरक्षणमा स्थानीय सरकारको खासै ध्यान पुग्न नसकेको उल्लेख गरे । उनले आफु रहेको स्थानीय तहबाट कला संस्कृतिको सरंक्षणका लागि केही गर्ने प्रयास गरेको भन्दै आगामी आर्थिक वर्षमा बजेट नै छुट्याएर कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गरे ।

पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले जिल्लाको कलासंस्कृतिको क्षेत्रमा पाल्पा उद्योग वाणिज्य संघले प्रतिष्ठानसँग सहकार्य गर्दै आएको बताए । उनले मेला महोत्सव समेत कलाकारहरुलाई प्राथमिकतामा राखेर आयोजना गर्ने गरेको र प्रतिष्ठानले समेत संघले दिएको जिम्मेवारी कुसलतापूर्व निर्वाह गर्दै आएको धारणा व्यक्त गरे । माथागढी गाउँपालिका-३ का वडा अध्यक्ष तेज घर्तीले स्थानीय भाषा, कला संस्कृतिको संरक्षणमा आफुहरुले ध्यान दिने बताए । पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्यालले पाल्पाको कलासंस्कृतिसँगै पर्यटनको विकास गर्न जरुरी रहेको बताए । प्रतिष्ठानका प्रेस सल्लाहकार रामचन्द्र रायमाझीले प्रतिष्ठानले संस्थागत सुशासन, नेतृत्व विकास तथा मनोपरामर्शका विषयमा प्रशिक्षण दिएर प्रदेशमै नमूना काम गरेको उल्लेख गरे ।

कार्यक्रम संयोजक तथा प्रतिष्ठान प्रदेशका महिला उपाध्यक्ष चेतना थापाले प्रतिष्ठानलाई जवाफदेही, पारदर्शीता, र प्रतिष्ठानमा आवद्ध कलाकारहरुको नेतृत्व, व्यक्तित्व विकासका लागि कार्यक्रम आयोजना गरिएको बताईन् । प्रतिष्ठान लुम्बिनी प्रदेशका अध्यक्ष दिपु मगरको अध्यक्षता, प्रतिष्ठान पाल्पा शाखाका अध्यक्ष कमल भट्टराईको स्वागत, प्रतिष्ठान प्रदेशका वरिष्ठ उपाध्यक्ष दामोदर बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो । प्रतिष्ठानले प्रदेशका १२ वटै जिल्लामा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरी अगाडि बढेको छ । प्रशिक्षणको पहिलो कार्यक्रम पाल्पामा गरिएको हो । सोही अवसरमा प्रतिष्ठानले नयाँ वर्ष २०८१ को भित्तेपात्रो समेत विमोचन गरेको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com

डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई